# ALL INDIA RADIO GANGTOK

## NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date:22.02.2026

---

- Mann Ki Baat

प्रधानमन्त्री नरेन्द्र मोदीले 'मन की बात' कार्यक्रमको एक सय एकतीसौं संस्करणमा इन्डिया AI इम्प्याक्ट सम्मेलन कृत्रिम बुद्धिमत्ता (AI)-को प्रयोगको दृष्टिले भविष्यका लागि महत्त्वपूर्ण कोसेढुंगा सावित भएको बताउनुभयो। नयाँ दिल्लीमा आयोजित सम्मेलनमा विभिन्न देशका नेता, उद्योगपति र नवप्रवर्तकहरूको सहभागिता रहेको थियो। उहाँले अमूल बुथमा AI-को माध्यमबाट पशु उपचार र डेयरी व्यवस्थापनका उदाहरण प्रस्तुत गरिएको तथा प्राचीन ग्रन्थ र पाण्डुलिपिको संरक्षणमा AI-को भूमिका देखाइएको जानकारी दिनुभयो। प्रधानमन्त्रीले सम्मेलनमा स्वदेशमै विकसित तीनवटा AI मोडेल प्रदर्शन गरिएको र यो अहिलेसम्मकै सबैभन्दा ठूलो AI सम्मेलन भएको उल्लेख गर्नुभयो।

अंगदानप्रति बढ्दो जनचेतनाको सराहना गर्दै श्री मोदीले केरल, दिल्ली, पश्चिम बंगाल र राजस्थानका अंग प्रत्यारोपणपछि प्रेरणादायी उदाहरण प्रस्तुत गरेका व्यक्तिहरूको चर्चा गर्नुभयो। प्रधानमन्त्रीले चौबीस फरवरीदेखि एक मार्चसम्म राष्ट्रपति भवनमा आयोजना हुने राजाजी उत्सवअन्तर्गत C राजगोपालाचारीको प्रतिमा स्थापना गरिने जानकारी दिनुभयो।

डिजिटल ठगीबाट सचेत रहन आग्रह गर्दै उहाँले OTP र ब्याङ्क विवरण कसैसँग पनि साझा नगर्न तथा KYC प्रक्रिया केवल आधिकारिक माध्यमबाट मात्र गर्न सुझाउ दिनुभयो।

कृषि क्षेत्रमा नवप्रवर्तनको उल्लेख गर्दै प्रधानमन्त्री श्री मोदीले ओडिशा र केरलका किसानहरूको प्रयासको प्रशंसा गर्नुभयो र भारत विश्वकै सबैभन्दा ठूलो धान उत्पादक देश भएको बताउनुभयो।

उहाँले केरलको मामंगम र महाकुम्भ जस्ता आयोजनालाई सांस्कृतिक चेतनाको प्रतिकका रूपमा व्याख्या गर्नुभयो। श्री मोदीले तमिलनाडुकी पूर्व मुख्यमन्त्री J जयललिताको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नुभयो। उहाँले विद्यार्थीहरूलाई परीक्षाका लागि शुभकामना दिनुभयो अनि देशवासीलाई रमजान तथा होलीको शुभकामना व्यक्त गर्नुभयो। प्रधानमन्त्रीले 'भोकल फर लोकल' मन्त्र दोहोऱ्याउँदै स्वदेशी उत्पादनको प्रयोग बढाउन आह्वान गर्नुभएको छ।

- **NSP Election**

हरी ढुङ्गेल पुनः नेपाली साहित्य परिषद्, सिक्किमक‍ा अध्यक्ष निर्वाजित हुनुभएको छ। आज सम्पन्न परिषद्को चुनाउका निम्ति पूर्व अध्यक्ष श्री ढुङ्गेलका प्रतिद्वन्द्वीहरूमा चन्द्रप्रकाश भट्टराई र TB चन्द्र शुब्बा हुनुहुन्थ्यो। चौधौँ कार्यकार‍ी समितिको चुनाउपछि आजै भएको मतगढनामा उपाध्यक्ष पदमा नीलम न्यौपाने र रत्न लक्सम सुब्बा अनि महासचिवमा भीम राउत निर्वाचित हुनुभएको छ। कोषाध्यक्ष पदमा भने GS सुब्बा अघावै निर्विरोध निर्वाचित हुनुभएको हो। यसरी नै प्रशासन एवं विधि सचिवमा लुईँस विष्ट, प्रचार-प्रसार पदमा हेमराज अधिकारी र कार्यकारी सदस्यमा खुशेन तिमसिना 'तागासी" र पेम नर्बु शेर्पा विजयी बन्नुभएको छ।

- **CM Meets TRRCWA Group**

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज आफ्न‍ो सरकारी निवास मिन्तोकगाङमा टिस्टा-रङ्गीत उद्धार केन्द्र कल्याण संगठनकी अध्यक्ष शान्ति राईको नेतृत्वमा आएको प्रतिनिधि टोलीसित भेट गर्नुभयो। भेटका क्रममा संस्थाले टिस्टा र रङ्गीत नदी क्षेत्रमा समयमै उद्धार तथा खोजी कार्य सञ्चालन गर्दै समाजमा महत्त्वपूर्ण मानवीय सेवा प्रदान गरिरहेको विषयमा चर्चा भयो। संस्थाले आपत्कालीन अवस्थामा साहसपूर्ण उद्धार कार्य गरी अनेकौं व्यक्तिको जीवन रक्षा गर्न उल्लेखनीय योगदान पुऱ्याएको जनाइएको छ।
मुख्यमन्त्रीले संस्थाको निःस्वार्थ समर्पण, अटल प्रतिबद्धता र सेवा भावनाले क्षेत्रीय समुदायको सुरक्षामा ठोस योगदान पुऱ्याएको भन्दै प्रशंसा गर्नुभयो। उहाँले समाजमा संस्थाले पुऱ्याउँदै आएको निरन्तर सेवाप्रति आभार प्रकट गर्दै आगामी दिनमा पनि यस्ता मानवीय कार्यहरू अझ प्रभावकारी रूपमा अघि बढ्ने विश्वास व्यक्त गर्नुभएको छ।

- **EC National Conference**

निर्वाचन आयोगले चौबीस फरवरी मंगलबारका दिन राज्य चुनाउ आयुक्तहरूको साथमा नयाँ दिल्लीमा एउटा सम्मेलनको आयोजना गर्नेछ। मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले अध्यक्षता गर्नुहुने सम्मेलनमा राज्य निर्वाचन आयुक्त, कानुनी तथा तक्नीकी विशेषज्ञ तथा सबै राज्य एवं केन्द्र शासित प्रदेशका मुख्य चुनाउ अधिकारीहरू शामेल हुनेछन्। सम्मेलनको उद्देश्य निर्वाचन आयोग र राज्य निर्वाचन आयुक्तको कामकाजमा तालमेललाई बढ़ावा दिनु

हो। सम्मेलनमा प्रौद्योगिकी, EVM र मतदाता सूची साझा गर्नमाथि चर्चा हुनेछ। आयोगकाअनुसार यस प्रकारको सम्मेलन सत्ताइस वर्षपछि भइरहेछ।

- BJS Award

सिक्किमका पत्रकार जगन दाहाल बीसौं मिडिया एक्सिलेन्स अवार्ड २०२६ अन्तर्गत सिक्किमका उत्कृष्ट पत्रकार सम्मानबाट सम्मानित हुनुभएको छ। नयाँ दिल्लीस्थित मिडिया फेडरेशन अफ इण्डियाद्वारा हिजो बेलुकी आयोजित कार्यक्रममा उहाँलाई यो सम्मान प्रदान गरिएको हो।

नयाँ दिल्लीको ITO-स्थित PLB अडिटोरियममा सम्पन्न कार्यक्रममा अन्यहरूको साथमा भारतीय जन सञ्चार संस्थानका पूर्व महानिदेशक प्राध्यापक सञ्जय द्विवेदी उपस्थित हुनुहुन्थ्यो।

गेजिङ जिल्लाको आरिगाउँ निवासी श्री दाहाल हाल एउटा राष्ट्रिय हिन्दी दैनिक समाचार पत्रिकामा सिक्किम राज्यबाट वरिष्ठ संवाददाताका रूपमा कार्यरत हुनुहुन्छ।

- Dragon Run

फिटनेस, परोपकार र सामुदायिक एकतालाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित Dragon Run 1.0-को पहिलो संस्करण आज नाम्चीस्थित लामेटार खेलमैदानमा सम्पन्न भयो। सिक्किम सरकारको बकारी विभाग तथा सिक्किम राज्य लटरी निदेशालयका सल्लाहकार पनि रहनुभएका तिमी-नामफिङका विधायक बेदुसिंह पन्थको मुख्य आतिथ्यमा सम्पन्न कार्यक्रममा पुलिस महानिदेशक अक्षय सचदेवाको विशेष उपस्थिति थियो।

--------------------------------------X--------------------------------------

-